REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 03.03.2025

## मुख्यमन्त्री उद्धाटन

मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले नाम्ची जिल्लामा ग्राम प्रशासनिक केन्द्र राबोङ बरफुङ ग्राम पंचायतको उद्धाटन गर्नु भएको छ। नयाँ स्थापित केन्द्रको लक्ष्य, स्थानीय समुदायका लागि पहुँचलाई बढ़ाउँदै प्रशासनिक प्रक्रियाहरूलाई सुव्यवस्थित पार्न रहेकोछ। यो ग्राम पंचायतले एक महत्वपूर्ण संसाधनको रूपमा कार्य गर्ने अपेक्षा राखिएको छ जसले बासिन्दाहरूलाई आफ्ना कार्यहरू बढ़ि निपुणता अनि सजिलो पाराले गर्न सक्षम पार्नेछ।

मुख्यमन्त्रीले जन सेवा वितरणमा सुधार गर्न अनि तृणमूल स्तरमा सुशासन सुनिश्चित गर्न, केन्द्रको भूमिकालाई रेखांकित गर्नुभयो।

श्री तामाङले अझ भन्नुभयो यस पहलले स्थानीय प्रशासनलाई दरिलो पार्ने संवधी जारी प्रयासहरू तथा मानिसहरूलाई राम्रो समर्थन दिनेछ।

## राष्ट्रिय खाद्य सुरक्षा ऐन

गेजिङ सामुदायिक भवनमा आज राष्ट्रीय खाद्य सुरक्षा ऐन 2013 संवधित खाद्य तथा नागरिक आपुर्ति विभागको आयोजनामा जागरूकता कार्यक्रम सरकारका जन स्वास्थ्य अभियान्त्रीकी विभागका सल्लाहकार तथा क्षेत्र विधायक लोकनाथ शर्मा मुख्य अतिथि रहेका थिए भने गेजिङ नगर पंचायतका सभापति देवेन्द्र शर्मा, उपसभापति लाकी डोमा भोटिया आदि लगायत स्थानीय नागरिकहरूको विशेष उपस्थिति रहेको थियो। यस जागरूकता कार्यक्रमलाई संबोधन गर्दै मुख्य अतिथि लोकनाथ शर्माले राज्यका जनतालाई सुलभ प्रकारले खाद्यान्न वितरण गर्ने सरकार तथा विभाग कटिबद्ध रहेको जानकारी दिँदै गरीबी रेखामुनिका जनतालाई समयमा नै निशुल्क र विभिन्न योजनाहरूको चामल वितरण गरिरहेका बताए।

श्री शर्माले विशेषगरि मॉनएनलाई ध्यानमा राखेर विभागले जतिसक्दो सबै खाद्य भण्डारहरूमा समयमा नै चामलहरू प्रशस्त मात्रामा राखिदिने अनुरोध गरे।

## ग्रेट हिमालयन एक्सप्लोरेशन

सोरेङ- च्याखुङका विधायक श्री आदित्य गोलेले आज गान्तोकमा The Great Himalayan Emploxation लाई झण्डा देखाई शुभारम्भ गर्नुभयो। श्री गोलेले भन्नुभयो यस अनौठो पहलको लक्ष्य प्रथाहरू, सीप, कला प्रदर्शन, रीति रिवाज तथा शिल्प कौशल लगायत् भारतीय हिमालको जीवंत सांस्कृतिक विरासतको दस्तावेजी करण गरि त्यसको संरक्षण गर्ने रहेको छ।

उहाँले भन्नुभयो The Great Himalayan Exploxation ले सिक्किमका दसवटा सांस्कृतिक प्रथाहरूको खोज गर्नेछ, वाईक सवार तथा अनुसन्धानकर्ताहरूको दुई समूहहरूले भीड़ियो मार्फत त्यसको दस्तावेजीकरण गर्नेछन्।

यस परियोजनाले सिक्किम र देशको अमूर्त सांस्कृतिक विरासतको संरक्षण गर्दै स्थानीय समूदायहरूको उत्थान गरी सतत् पर्यटनलाई समर्थन दिने आशा राखिएको छ।

कार्यक्रममा मुख्य अतिथिको रूपमा सिक्किम सरकारमा शिक्षा विभागका सचिव श्री टाशी छोपेल लेप्चा र सिक्किम सरकारमा संस्कृति विभागका मुख्य अभियन्ता श्री Rinip Dorjee Lepcha हुनुहुन्थ्यो।

## आयकर निदेशालय

आयकर निदेशालयले SFT फाईलिग र e- सत्यापन योजनाबारे एउटा आउटरीच कार्यक्रम आयोजित गर्यो। स्वैच्छिक अनुपालनको प्रवर्धन गर्नु अनुपालन न गर्नुलाई चिन्हित गर्नु, र निष्पक्ष तत उचित कर प्रशासन लागू गर्ने लक्ष्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो।

State Bank of Sikkim ,सिक्किम राज्य सहकारी बैंक र Citizens Bank कार्यक्रममा सहभागी भएका थिए।

गुप्तचर तथा आपराधिक जांच, IT का निदेशक आशुतोष राजहन्स तथा IT का उपायुक्त सायन्तम बनर्जीको नेतृत्व तथा मार्गदर्शनमा कार्यक्रम आयोजित गरिएखो थियो।

मौसम

मौसम विज्ञान विभाग अनुसार, आजको अधिकतम तापक्रम 18.5 डिग्री सेलसियस थियो भने न्यूनतम तापक्रम, 10.1 डिग्री सेलसियस थियो।

भोलि 4 मार्चको दिन, मुख्य रूपले दिन घमाईलो रहनेछ। अधिकतम तापक्रम लगभग 20 डिग्री सेलसियस अनि न्यूनतम तापक्रम चांहि लगभग 10 डिग्री सेलसियस रहने अनुमान गरिएकोछ।